ललितपुर उद्योग वाणिज्य संघ
LALITPUR CHAMBER OF COMMERCE & INDUSTRY

मिति : २०७८।०३।१६ गते

पत्रसंख्या : लउवा।२०७८।च.नं. ३४२

# प्रेश विज्ञप्ती

## आ.व. २०७८/०७९ को मौद्रिक नीतिका लागि सुझाव

कोभिड १९ को पहिलो लहरबाट प्रभावित निजि क्षेत्रले गति लिन नपाउँदै कोभिड १९ को दोश्रो लहरलाई नियन्त्रण गर्न स्थानिय प्रशासनले २०७८ बैशाख १६ गतेबाट निषेधाज्ञा जारी गर्दा आफ्नो व्यापार व्यवसाय बन्दा बन्दिको अवस्था राख्नु पर्दा निजि क्षेत्र मर्माहत भएको छ । अति आवश्यक केहि उद्योग, व्यापार तथा व्यवसाय बाहेक अन्य सबै प्रकारका उद्योग व्यापार व्यवसाय लगायत आर्थिक गतिविधिहरु प्राय ठप्प रहेको यस्तो विषम परिस्थिति विचमा आएको आगामी आर्थिक वर्ष २०७८।०७९ का लागि प्रस्तुत बजेटले निजीक्षेत्रलाई राहत प्याकेजका साथै पुनरउत्थानका लागि कार्यक्रमहरु आउने आशमा रहेकोमा अपेक्षाकृत सम्बोधन नभएको हुंदा अब आउने नेपाल राष्ट्र बैंकबाट जारी हुने मौद्रिक नीतिबाट त्यसलाई सम्बोधनका लागि यस संघको तर्फबाट निम्न बुंदाहरुमा ध्यानाकर्षण गर्न चाहन्छौं ।

सुझाव :

- निषेधाज्ञाका कारण निजीक्षेत्रलाई पर्न गएको नोक्सानीलाई न्यूनिकरणका लागि PPP (Public Private Partnership) मोडलमा सहभागी गराइनु पर्ने,
- मुलुकमा निषेधाज्ञाका कारण आर्थिक गतिविधि प्राय सबै थप्प रहेकोले निषेधाज्ञा अवधि भरको व्याज मिनाह गर्नु पर्ने,
- सबै प्रकारको कर्जाहरुमा आगामी २ वर्ष सम्मको लागि बैंकको आधारदर बराबरमा व्याज दर कायम गर्नुका साथै कर्जा नविकरण शुल्क मिनाह र कर्जा चुक्ताका लागि पुनरतालिकाको व्यवस्था हुनु पर्ने,
- पुनरकर्जा वितरणका लागि प्रत्येक बैंक तथा वित्तिय संस्थाले कम्तिमा १० वटा व्यवसायीहरुलाई पुनरकर्जा उपलव्ध गराउनु पर्ने,
- उद्योगी व्यवसायीहरुले गर्ने व्यवसायसंग सम्बन्धी विमाको प्रिमियम भुक्तानीमा अधिकतम छुटको व्यवस्था हुनु पर्ने,
- बैंक तथा वित्तिय संस्थाहरुले लिई आई रहेको Non Banking कारोबारमा लिने शुल्क मिनाह हुनु पर्ने ।

मनोज बहादुर न्याछ्यों
अध्यक्ष

P.O. Box: 26, Mangalbazar, Lalitpur, Nepal
Tel : 977-1-5521740, 5530663, 5539963
Fax: 977-1-5530661
E-mail: lcci@ntc.net.np, info@lcci.org.np
Facebook: www.facebook.com/lcci.org.np

STOP Child Labour

पो.ब.नं. : २६, मंगलबजार, ललितपुर, नेपाल
फोन : ९७७-१-५५२१७४०, ५५३०६६३, ५५३९९६३
फ्याक्स : ९७७-१-५५३०६६१
www.lcci.org.np